मुड्केचुला गाउँपालिकाद्धारा प्रकाशित

स्थानीय राजपत्र

# मुड्केचुला गाउँपालिका ढुङ्गा गिट्टि बालुवा उत्खनन् विक्री तथा व्यवस्थापन सम्वन्धी मापदण्ड कार्यविधि २०७९

---

भाग-४

खण्ड ४,मुड्केचुला गाउँपालिका,असार महिना १० गते २०७९,संख्या :......................

**मुड्केचुला गाउँकार्यपालिका कार्यालय नर्कु,डोल्पा**

## मुड्केचुला गाउँपालिका डुङ्गा, गिट्टी, बालुवा उत्खनन्, विकी तथा व्यवस्थापन सम्बन्धी मापदण्ड २०७९

**कार्यपालिकाबाट स्वीकृत मिति २०७९/०३/०९**

मुड्केचुला गाउँपालिका भित्र विकास निर्माण कार्यमा डा गिट्टी बालुवालगायतका नदिजन्य तथा खानीजन्य पदार्थको अभाव हुन नदिई सहन आपूर्ति गर्न, यस्ता निर्माण सामग्रीको अनियन्त्रित दोहनलाई निरुत्साहित गरी दिगो उपयोग गर्न र यस क्षेत्रबाट प्राप्त हुने ग संकलनलाई व्यबस्थित गर्न तथा मुड्केचुला गाउँपालिका गिट्टी बालुवा एवन माटीजन्य गर्ने अधिकारको उपयोग गर्ने व्यवहारिक प्रक्रिया निर्धारण गर्न बान्छनीय भएकोले मुड्केचुला गाउँपालिका बातावरण प्राकृतिक स्रोत तथा संरक्षण व्यवस्थापन ऐन २०७६ को दफा ६६ प्रयोग गरी गाउँपालिकाको कार्यपालिकाले मापदण्ड सम्बन्धी कार्यविधि स्वीकृत गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः**

(१)यस कार्यविधि मापदण्डको नाम मुड्केचुला गाउँपालिका मुड्केचुला गाउँपालिका डुङ्गा, गिट्टी, बालुवा उत्खनन्, विकी तथा व्यवस्थापन सम्बन्धी मापदण्ड २०७९ रहेको छ ।

(२). यो कार्यविधि मापदण्ड गाउँ कार्यपालिकाको बैठक स्वीकृत भए देखि लागु हुनेछ ।

२. **परिभाषाः** (१) विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस मापदण्डमा

(क) "अनुगमन समिति" भन्नाले दफा ९ बमोजिम गठन हुने समिति सम्झनु पर्छ ।

(ख) "ऐन" भन्नाले स्थानीय सरकार संचालन ऐन, २०७४ लाई सम्झनु पर्छ ।

(ग) "खानीजन्य पदार्थ" भन्नाले खानीबाट उत्खनन् गरिएको चट्टान, स्लेट, ढुङ्गा, गिट्टी,बालुवा जस्ता साधारण निर्माणमुखी पदार्थलाई सम्झनु पर्छ ।

(घ) ढुङ्गा र माटोजन्य पदार्थ" भन्नाले उत्खनन् गर्न अनुमती भएको नदी, बगर वा खानी क्षेत्रबाट संकलन र उत्खनन् गर्दा निस्कने रोडा, ढुङ्गा, गिट्टी, बालुवा, मिस्कट, पाँगो,भरुवा सम्झनु पर्छ ।

(ङ) "गाउँपालिका" भन्नाले नेपालको संविधान बमोजिन स्थापना भएको मुड्केचुला गाउँपालिकालाई सम्झनु पर्छ ।

(च) "नदी किनारा" भन्नाले नदी बहाव क्षेत्रबाट दाँया र बाँया एक किलोमिटर सम्मको क्षेत्र सम्झनु पर्छ ।

(छ) "नदीजन्य पदार्थ" भन्नाले नदी वा नदी किनारबाट उत्खनन् गरिएको बुट्टा, गिट्टी, बालुवा जस्ता साधारण निर्माणमुखी पदार्थलाई सम्झनु पर्छ ।

(ज) "प्रारम्भिक वातावरणीय परीक्षण भन्नाले बेनीघाट रोराङ गाउँपालिका वातावरण तथा प्राकृतिक स्रोत संरक्षण व्यवस्थापन ऐन २०७६ को दफा २ को (द) र वातावरण संरक्षण ऐन, २०७६ को दफा २ (ड) बमोजिमको अध्ययन तथा मुल्यांकन सम्झनु पर्छ ।

(झ) "वातावरणीय अध्ययन प्रतिवेदन" भन्नाले संक्षिप्त वातावरणीय अध्ययन, प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मुल्यांकन सम्बन्धमा तयार गरिएको प्रतिवेदन सम्झनु पर्छ ।

(ञ)"वातावरणीय प्रभाव मूल्यांकन" भन्नाले वातावरण संरक्षण ऐन, २०७६ को दफा २ (फ) बमोजिमको अध्ययन तथा मूल्यांकन सम्झनु पर्छ ।

(ट) "मन्त्रालय" भन्नाले संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सम्झनु पर्छ ।

(ठ) "संक्षिप्त वातावरणीय अध्ययन" भन्नाले वातावरण संरक्षण ऐन, २०७६ को दफा २ (म) बमोजिमको अध्ययन सम्झनु पर्छ ।

**३. उत्खनन् वा संकलन लागि क्षेत्र निर्धारणः** (१) गाउँपालिकाले नदीजन्य तथा खानीजन्य पदार्थको उत्खनन् तथा संकलन गरिने क्षेत्र निर्धारण देहायको आधारमा गर्नेछ :

(क) नदीजन्य पदार्थको उत्खनन् तथा संकलन गर्ने गरी स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदनले तोकेका स्थान तथा क्षेत्रहरु,

(ख) नदी, खोला र खहरेमा बाढी पहिरोका कारणले ढुङ्गा, गिट्टी र माटोजन्य पदार्थ थुप्रिन गई सोको कारणले वस्ती तथा भौतिक संरचनामा जोखिम उत्पन्न भएको वा हुनसक्ने अवस्था सिर्जना भै प्राविधिक टोलीको सिफारिसका आधारमा गाउँ कार्यपालिकाको निर्णय र थपको लागि जिल्ला विपद् व्यवस्थापन समितिद्वारा त्यस्ता पदार्थ हटाउनु पर्ने भनी विस्तृत विवरण तथा सिमांकन सहित तोकेका स्थलहरु,

(ग) निजी जग्गाबाट उत्खनन् गरी ढुङ्गा, गिट्टी, बालुवा जस्ता साधारण निर्माणमुखी पदार्थ निकाल्न प्रचलित कानून बमोजिम अनुमती प्रदान गरिएको क्षेत्र ।

(घ) प्रचलित कानून बमोजिम खानी तथा क्रसर उद्योग संचालन र निर्माण सामग्री आपूर्तिको लागि तोकिएको क्षेत्र ।

(२) उपदफा (१) बमोजिमको कुनै क्षेत्रमा यस मापदण्ड बमोजिम नदीजन्य तथा खानीजन्य पदार्थको उत्खनन्, संकलन तथा विक्री वितरणको व्यवस्था बेनीघाट रोराङ गाउँपालिकाले मिलाउनेछ ।

**४. नदीजन्य पदार्थको संकलन, उत्खनन् र विक्री :** (१) बेनीघाट रोराङ गाउँपालिकाले नदीजन्य पदार्थको संकलन, उत्खनन् र विक्री गर्दा देहाय बमोजिम गर्नु पर्नेछ :

(क) उत्खनन् र संकलन सम्बन्धी कार्ययोजना तयार गरी गाउँ कार्यपालिकाबाट स्वीकृत गर्ने,

(ख) प्रचलित कानून बमोजिम वातावरणीय अध्ययन प्रतिवेदन तयार गरी अधिकार प्राप्त निकायबाट स्वीकृत गर्ने, गराउने ।

(ग) प्रत्येक वर्ष ठेक्का बन्दोवस्त गर्नुपुर्व स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदनमा उल्लिखित परिमाणलाई स्थलगत प्राविधिक अध्ययनको आधारमा अध्यावधिक गरी पुनः यकिन गर्ने,

(घ) गाउँसभाद्वारा स्वीकृत दरमा उत्खनन् संकलनको अनुमती र विक्रीको लागि ठेक्का व्यवस्था मिलाउने ।

(ङ) नदिजन्य पदार्थको उत्खनन संकलनको अनुमति र विक्रीको लागि ठेक्का प्रकियाद्वारा व्यवस्थापन मिलाइने छ तर ठेक्का लाग्न नसकेमा अमानतबाट विक्री तथा राजश्व संकलनको व्यवस्था मिलाइने छ ।

(२) नदीजन्य पदार्थको संकलन र उत्खनन् गरिने क्षेत्र दुई वा दुईभन्दा बढी गाउँपालिकाको क्षेत्रभित्र पर्ने अवस्थामा संयुक्त समिति बनाई संकलन, उत्खनन् र विक्रीको व्यवस्था मिलाउन सकिनेछ ।

(३) नदीजन्य पदार्थको संकलन, उत्खनन् र विक्री कार्यको लागि ठेका व्यवस्था गर्नु पूर्व अनुसूची-१ बमोजिमको चेकलिष्ट तयार गरी प्राविधिकबाट स्थलगत अनुगमन गराई ठेक्का बन्दोवस्त गर्नुपर्नेछ ।

(४) नदीजन्य पदार्थ उत्खनन गर्दा सामान्यतया श्रममूलक प्रविधिको प्रयोग गर्नु पर्नेछ ।
तर मेसिनको प्रयोग गर्नु पर्ने भएमा वातावरणीय अध्ययन प्रतिवेदनमा उल्लेखित सर्त र सीमाभित्र रही गर्नु पर्नेछ साथै विपद जोखिम संवेदनशील क्षेत्रमा मेसिनको प्रयोग गर्नु पर्ने भएमा जिल्ला विपद व्यवस्थापन समितिको अनुमति लिनु पर्नेछ ।

(५) नदीजन्य पदार्थको उत्खनन, संकलन र विक्री वितरणको ठेक्का वन्दोवस्त सम्बन्धी सूचना अनुसूची २ क बमोजिमको ढांचामा प्रकाशन गर्नु पर्नेछ । त्यस्तो सूचना बमोजिम ठेक्का प्राप्त गर्ने व्यक्तिसंग अनुसूची २ ख बमोजिमको ढांचामा ठेक्का सम्झौता गरी अनुसूची २ ग बमोजिमको ढांचामा पट्टा फाराम दिनु पर्नेछ ।

(६) उत्खनन तथा संकलन स्थलसम्म जाने र फर्कने मार्ग गाउंपालिकाले तोक्नु पर्नेछ ।

(७) उपदफा (६) बमोजिम तोकिएको मार्गमा उत्खनन तथा संकलनका लागि साधनसहित प्रवेश गर्दाका वखत अनुसूची ३ बमोजिम प्रवेश आदेश लिएर मात्र प्रवेश गर्ने व्यवस्था मिलाई सोको अभिलेख समेत राख्नु पर्नेछ ।

(८) उत्खनन गरिसकेपछि छनौट गरी छाडिएको काम नलाग्ने वस्तु जुन स्थानबाट निकालिएको हो सोही स्थानमा वातावरणीय अध्ययन प्रतिवेदनमा उल्लेख भए बमोजिम तह मिलाई खाडल नहुने गरी सम्याई राख्नु पर्नेछ ।

(९) उत्खनन र संकलन कार्य गर्दा वातावरणीय अध्ययन प्रतिवेदनमा उल्लेख भएको शर्त, ठेक्का शर्त, अनुगमन समितिले दिएका निर्देशनहरु समेतको पालना गर्नु पर्नेछ ।

(१०) घनावस्ती र वन क्षेत्रको २ कि.मि. राजमार्गको पाँच सय मिटर दुरी भित्रको नदी, सडक, पुल तथा झोलुङ्गे पुलको एक किलो मिटर तल र पाँच सय मिटर माथिको नदीजन्य पदार्थ उत्खनन र संकलन गर्न पाइने छैन ।

तर दफा (३) को उपदफा (१) को खण्ड (ख) बमोजिम गर्न यस उपदफाले वाधा पुर्याइएको मानिने छैन ।

(११) उत्खनन, संकलन तथा ढुवानी कार्यमा संलग्न कामदारका लागि खानेपानी, शौचालय, सुरक्षा, स्वास्थ्य र दुर्घटना विमा आदिको प्रबन्ध सम्बन्धित उत्खनन, संकलन र ढुवानीकर्ताले मिलाउने गरी ठेक्का वन्दोवस्त गर्नु पर्नेछ ।

(१२) नदीजन्य पदार्थको उत्खनन, संकलन, बिक्री तथा ढुवानी ठेक्का बन्दोवस्त गर्दा परिमाणको आधारमा वार्षिक रुपमा गर्नु पर्नेछ ।

(१३) गाउंपालिकाले वर्षाको समयमा वगेर आउने बालुवालाई वातावरणीय अध्ययन प्रतिवेदनको आधारमा नदीमा वांध वनाई जमाउने र निश्चित मात्रामा बालुवा भण्डारण गरेर वेच्ने व्यवस्था गर्न सक्नेछ ।

(१४) यस मापदण्ड बमोजिम ढुङ्गा, गिटी, बालुवा र संकलन गर्ने क्रममा विपदका दृष्टिले थप जोखिम निम्तिन सक्ने अवस्थामा श्रृजना भएमा गाउँ कार्यपालिकाले आफै रोक्न सक्ने छ र थप जोखिम रहेमा जिल्ला विपद व्यवस्थापन समितिको सिफारिसका आधारमा पालिकास्तरीय अनुगमन समितिले उत्खनन र संकलन कार्यमा निश्चित समय तोकी रोक लगाउन सक्नेछ ।

(१५) यस दफा बमोजिम संकलन र उत्खनन कार्य गर्दा नदीको वहाव परिवर्तन नहुने साथै सिंचाई प्रणाली लगायतका संरचनालाई समेत असर नपर्ने गरी गर्नु पर्नेछ ।

**५. खानीजन्य पदार्थ उत्खनन सम्वन्धि व्यवस्थाः** (१) खानीबाट ढुङ्गा, गिटी, बालुवा जस्ता साधारण निर्माणमुखी पदार्थ उत्खनन तथा संकलन गर्ने कार्य प्रचलित कानून बमोजिम तोकिएको निकायबाट अनुमति लिई गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम अनुमतिको लागि पेश गर्दा स्थानीय तहमा गठित प्राविधिक समितिको सिफारिस बमोजिम गाउँपालिकाको कार्यपालिकाबाट निर्णय गरी पेश गर्नु पर्नेछ ।

(३) स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदन तथा उपदफा (१) बमोजिम खानी सञ्चालनको अनुमति प्राप्त भएपछि वेनिघाट रोराङ गाउँपालिकाले खानी उद्योगको दर्ता गर्नेछ ।

(४) यस दफा बमोजिम खानी उद्योग दर्ता गरी सञ्चालन गर्ने ठाउंमा कम्तिमा वीस रोपनी वा सो बराबर क्षेत्रफल भएको नीजि वा लिजमा लिएको जग्गा आवश्यक पर्नेछ ।

(५) यस दफा बमोजिम दर्ता भै सञ्चालन भएका उद्योगहरुबाट उत्पादन हुने ढुङ्गा, गिटी, बालुवाको परिमाणको आधारमा वेनिघाट रोराङ गाउँपालिकाले वार्षिक रुपमा दर्ता तथा नविकरण शुल्क लगाउन सक्नेछ ।

(६) यस दफा बमोजिम सञ्चालित खानी उद्योगहरुले स्वीकृत परिमाण र तोकिएका शर्त बमोजिम खानी सञ्चालन गरे नगरेको विषयमा नियमित रुपमा अनुगमन तथा नियमन गर्ने जिम्मा वेनिघाट रोराङ गाउँपालिकाले मिलाउने छ ।

(७) खानीबाट उत्पादित ढुङ्गा, बालुवा, स्लेट र गिटी जस्ता साधारण निर्माणमुखी पदार्थको उत्पादनमा प्रचलित कानून बमोजिम रोयल्टी लाग्ने भएमा सो उठाउने व्यवस्था सोही कानुनमा तोकिए बमोजिम हुनेछ ।

**६. वन तथा चुरे क्षेत्र सम्बन्धी व्यवस्थाः** (१) वन तथा चुरे क्षेत्रबाट सामान्यतया ढुङ्गा, गिटी, बालुवा उत्खनन गरिने छैन ।

(२) उपदफा (१) बमोजिमका क्षेत्रहरुबाट सो कार्य गर्नु पर्ने भएमा सम्बन्धित निकायको सहमतिमा वातावरणीय अध्ययन प्रतिवेदनमा उल्लेखित विधि अनुसार बेनिघाट रोराङ गाउँपालिकाले ढुङ्गा, गिटी, बालुवा उत्खनन, संकलन तथा बिक्री गर्न सक्नेछ ।

(३) वन क्षेत्रको ढुङ्गा, गिटी, बालुवा जस्ता साधारण निर्माणमुखी पदार्थको संकलन, उत्खननका लागि मेशिनरी औजार प्रयोग गर्दा स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदनमा उल्लेखित शर्त र मापदण्ड भित्र रही गर्नु पर्नेछ ।

तर चुरे क्षेत्रभित्रका नदी, खोला तथा वगरमा वाढी, पहिरो आदि कारणले थुप्रिन गएको ढुङ्गा, गिटी, बालुवा आदि नहटाउंदा गम्भीर जोखिम हुने देखिएमा प्राविधिक टोलीबाट गरिएको सिफारिसका आधारमा जिल्ला विपद व्यवस्थापन समितिको निर्णयानुसार हटाउन सकिनेछ।

(४) दफा ४ को उपदफा (१०) बमोजिम हटाइने ढुङ्गा, गिटी, बालुवा आदिको संकलन, स्थानान्तरण तथा विक्री सम्वन्धि कार्य बेनिघाट रोराङ गाउंपालिकाले ठेक्का वन्दोवस्त वा अन्य उपयुक्त तरिकाबाट गर्न सक्नेछ ।

(५) यस दफा बमोजिमको ठेक्का वन्दोवस्त गर्दा अपनाउनु पर्ने कार्यविधि दफा ४ मा उल्लेख भए बमोजिम हुनेछ ।

(६) राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्ष, संरक्षण क्षेत्र र मध्यवर्ती क्षेत्रको ढुङ्गा, गिटी, बालुवा तथा माटोजन्य पदार्थको उत्खनन तथा संकलन सम्वन्धि व्यवस्था प्रचलित संघीय कानुन बमोजिम हुनेछ ।

**७. उत्खनन वा संकलनको परिमाण नियन्त्रणः** (१) पालिकाले उत्खनन वा संकलन गर्न तोकिएको स्थलमा स्वीकृत परिमाण भन्दा वढी उत्खनन र संकलन हुन नदिन संकलन तथा उत्खनन आदेश दिनु पूर्व प्राविधिकबाट गरिएको नाप जांच तथा रेखाङ्कनका आधारमा उत्खनन वा संकलनको क्षेत्र निर्धारण गरी लाईन लेवल समेत दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम उत्खनन वा संकलन गर्ने स्वीकृती दिइएको क्षेत्रको गाउँपालिकाले नियमित अनुगमन गर्नु पर्नेछ ।

(३) अनुगमनको क्रममा कुनै नदीमा वातावरणीय अध्ययन प्रतिवेदन र ठेक्का सम्झौतामा उल्लेख भए बमोजिमको उत्खनन योग्य परिमाण र क्षेत्रको उत्खनन भैसकेको पाईएमा अनुगमन समितिले थप संकलन वा उत्खनन कार्य वन्द गर्ने निर्देशन दिन सक्नेछ ।

(४) उपदफा (३) बमोजिम निर्देशन प्राप्त भएको अवस्थामा ठेक्का अवधि बांकी रहे पनि उत्खनन वा संकलनकर्ताले उत्खनन वा संकलन गर्ने कार्य तुरुन्त वन्द गर्नु पर्नेछ ।

(५) गाउँपालिकाले लगाएको ठेक्का अन्तर्गत आर्थिक वर्षको अन्त्यमा नदी किनारा तथा वन क्षेत्रमा भण्डारण गरी राखिएको नदीजन्य पदार्थ जफत गरी लिलाम बिकी गर्ने व्यवस्था गाउंपालिकाले मिलाउने छ ।

(६) उत्खनन, संकलन वा ढुवानीकर्ताले उत्खनन, संकलन वा ढुवानी गरेको परिमाणको दैनिक अभिलेख अनुसूची ४ क बमोजिमको दैनिक पटके विक्री वा ढुवानी अभिलेख तेरिज अनुसूची ४ ख बमोजिमको ढांचामा राख्नु पर्नेछ ।

(७) यस दफा बमोजिमका प्रावधानहरुलाई गाउँपालिकाले ठेक्का सम्झौता गर्दा अनिवार्य रुपमा समावेश गर्नु पर्नेछ ।

**८. नदीजन्य तथा खानीजन्य पदार्थको ओसारपसारः** (१) उत्खनन स्थलमा प्रवेश गर्ने ढुवानी साधनको क्षमता वातावरणीय अध्ययन प्रतिवेदनमा उल्लेख भए बमोजिम हुनु पर्नेछ र गाउँपालिकाले त्यस्तो अध्ययन प्रतिवेदनमा उल्लेखित क्षमताभन्दा वढी क्षमता भएका ढुवानी साधनलाई प्रवेशमा रोक लगाउनु पर्नेछ ।

(२) ढुवानी गर्ने सवारी साधनले संकलन वा उत्खनन स्थलदेखि अन्तिम गन्तव्यसम्म नदीजन्य र खानीजन्य पदार्थबाट धुलो उड्न नदिने गरी ढुवानी गरिएको सामाग्रीलाई छोप्ने गति चालिस किलो मिटर प्रति घण्टा भन्दा वढी नगर्ने, पिच सडकमा पानी चुहिन नदिने र प्रेसर हर्न प्रयोग गर्न निषेध गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम भए नभएको सम्वन्धमा स्थानीय प्रहरी तथा गाउँपालिकाले नियमित अनुगमनको प्रबन्ध मिलाउनु पर्नेछ ।

(४) मूल वाटोबाट संकलन तथा उत्खनन स्थलतर्फ सवारी साधन प्रवेश हुने मार्गमा धुलो उड्न नदिन नियमित पानी छर्कने प्रबन्ध उत्खननकर्ता र ढुवानीकर्ताले मिलाउन पर्नेछ ।

(५) बेनीघाट रोराङ गाउँपालिकामा नियमित शुल्क र दस्तुर तिरि ओसारपसार गरिएको मालवस्तु थप दस्तुर संघीय कानून बमोजिम हुनेछ ।

**९. स्थानीय अनुगमन समिति सम्बन्धी व्यवस्थाः** (१) नदीजन्य तथा खानीजन्य पदार्थको उत्खनन, संकलन र विक्री सम्वन्धि प्रक्रियाको अनुगमन गर्न देहाय बमोजिमको नदीजन्य तथा खानीजन्य पदार्थ जिल्ला अनुगमन समिति रहनेछः

| | |
|---|---|
| (क) अध्यक्ष | संयोजक |
| (ख) उप-प्रमुख | सदस्य |
| (ग) लेखा प्रमुख | सदस्य |
| (घ) स्थानीय प्रहरी प्रमुख | सदस्य |
| (ङ) स्थानीय सशस्त्र प्रहरी बल प्रमुख | सदस्य |
| (च) सब-वन डिभिजन कार्यालय प्रमुख | सदस्य |
| (छ) गाउँ कार्यपालिकाले तोकेको प्राविधि इन्जिनियर | सदस्य |
| (ज) गाउँपालिकाको राजश्व शाखा प्रमुख | सदस्य |
| (झ) प्रमुख प्रशासकीय अधिकृत | सदस्य सचिव |

(२) स्थानीय अनुगमन समितिले आवश्यकता अनुसार अन्य सम्बन्धित क्षेत्रका विज्ञ वा पदाधिकारीलाई वैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(३) स्थानीय अनुगमन समितिले ढुङ्गा, गिटी, बालुवा व्यवस्थापन सम्वन्धमा देहायका विषयमा जुनसुकै बेला अनुगमन गरी सम्बन्धित उत्खनन वा संकलनकर्तालाई आवश्यक निर्देशन दिन वा सो सम्वन्धमा सम्बन्धित गाउँपालिकालाई देहाय बमोजिम कारवाहीको लागि लेखी पठाउन सक्नेछ ।

(क) वातावरणीय अध्ययन प्रतिवेदनका शर्तको पालना

(ख) उत्खनन र संकलनको लागि स्वीकृत विधि, प्रकृया र परिमाण सम्बन्धी व्यवस्थाको पालना

(ग) राजस्व चुहावट तथा चोरी निकासी

(घ) ढुवानी गर्ने सवारी साधन पालना गर्नु पर्ने सीमा, प्रदुषण नियन्त्रण सडक सुरक्षा सम्वन्धि व्यवस्थाको पालना ।

(ङ) ठेक्का सम्झौताको परिपालना

(च) नदीजन्य तथा खानीजन्य पदार्थको वजार मूल्य नियन्त्रण

(छ) सञ्चालित क्रसर उद्योगहरुले तोकिएको मापदण्ड पुरा गरे नगरेको

(ज) नेपाल सरकारले समय समयमा तोकेका अन्य विषयहरु, प्रचलित कानुनमा तोकिएका विषयहरु तथा समितिले आवश्यक देखेका अन्य विषयहरु

(४) अनुगमन समितिले अनुगमनको क्रममा देखेका विषयहरुमा आवश्यक सुधारका लागि दिएको निर्देशन सम्वन्धि उत्खननकर्ता वा संकलनकर्ताले अनिवार्य रुपमा पालना गर्नु पर्नेछ ।

(५) अनुगमन समितिले दिएको निर्देशन पालना नगर्ने उत्खनन, संकलन वा ढुवानीकर्तालाई समितिको निर्देशन पालना नगरेसम्म उत्खनन, संकलन वा ढुवानीको कार्यमा रोक लगाउन सकिनेछ ।

(६) उपदफा (५) बमोजिम रोक लगाईएको सम्बन्धित उत्खनन, संकलन वा ढुवानीकर्ताले अनुगमन समितिको निर्देशन बमोजिमको शर्त पुरा गरेको अवस्थामा रोक्का फुकुवा गर्न सकिनेछ ।

(७) गाउंपालिकाले ढुङ्गा, गिटी, बालुवाको उत्खनन कार्य यस मापदण्ड र वातावरणीय अध्ययन प्रतिवेदन बमोजिम भए नभएको नियमित अनुगमन गर्न कार्यदल गठन गर्नु पर्नेछ ।

(८) अनुगमनका क्रममा ठेक्का शर्त उल्लङ्घन गरेको वा राजस्व छली गरी उत्खनन तथा ओसारपसार गरेको पाइएमा त्यस्तो संकलनकर्ता, उत्खननकर्ता र ढुवानीकर्तालाई अनुगमन समितिले त्यस्तो कार्य तत्काल रोक्ने निर्देशन दिन सचेत गराउन वा अवैध मालवस्तु जफत गर्न सक्नेछ ।

(९) उपदफा (८) बमोजिम जफत गरिएको मालवस्तु गाउंपालिकाले प्रचलित कानून बमोजिम लिलामा विक्री गरी स्थानीय सञ्चित कोषमा आम्दानी जनाउनु पर्नेछ ।

(१०) अनुगमन समितिले प्रत्येक वर्षको भाद्र मसान्तपछि नदीको स्थलगत अनुगमन गरी जम्मा भएको नदीजन्य पदार्थको अवस्था अनुसार वातावरणीय अध्ययन प्रतिवेदन संसोधन वा परिमार्जन गर्नु पर्ने भए सोही बमोजिम गर्न गाउँ कार्यपालिकालाई सुझाव दिनु पर्नेछ ।

(११) अनुगमन समितिले सम्बन्धित ठेकेदार, उत्खननकर्ता, खानी तथा क्रसर उद्योगलाई समितिको बैठकमा उत्खनन तथा बिक्रीको वार्षिक कार्ययोजना प्रस्तुत गर्न लगाउन सक्नेछ।

(१२) प्रदेश तथा स्थानीय तहले समेत यस दफा बमोजिमको व्यवस्थामा प्रतिकुल असर नपर्ने गरी आआफ्नो क्षेत्रभित्र हुने ढुङ्गा, गिटी, बालुवा जस्ता साधारण निर्माणमुखी पदार्थको उत्खनन, संकलन तथा विक्री कार्यको अनुगमनका लागि आवश्यक व्यवस्था मिलाउन सक्नेछ ।

**१०. जिल्ला अनुगमन समिति सम्बन्धि व्यवस्था :** (१) ढुङ्गा, गिट्टी, बालुवा उत्खनन विक्री तथा व्यवस्थापन सम्बन्धि मापदण्ड, २०७७ (संघीय मापदण्ड दफा (९) को गठन र अधिकार सम्बन्धी व्यवस्था कायम हुने छ ।

**११. नदीजन्य र खानीजन्य पदार्थको वजारमूल्य नियमन सम्वन्धि व्यवस्थाः** (१) स्थानीय अनुगमन समिति र जिल्ला अनुगमनले ढुङ्गा, गिटी, बालुवा जस्ता निर्माणमुखी नदीजन्य र खानीजन्य पदार्थको उत्खनन लागत, गाउंपालिकालाई तिरेको विक्री वा शुल्क वापतको रकम, वजारको दुरी र निश्चित मुनाफा समेतका आधारमा वजारमूल्य निर्धारण गर्ने व्यवस्था मिलाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम वजार मूल्य निर्धारण गरिएकोमा निर्धारित वजारमूल्य भन्दा वढी मूल्य लिएको पाइएमा त्यस्तो विक्रेतालाई अनुगमन समितिको निर्णय बमोजिम विक्री वितरण कार्यमा रोक लगाउन सकिनेछ ।

**१२. क्रसर उद्योग सञ्चालनका लागि दुरी सम्बन्धी मापदण्डः** (१) क्रसर उद्योग सञ्चालन गर्दा देहाय बमोजिमको दुरी सम्बन्धी मापदण्ड पालना गर्नु पर्नेछ ।

| **क्र.सं.** | **विवरण** | **कायम दूरीको मापदण्ड** |
|---|---|---|
| १. | राजमार्गको राईट अफ वे बाट | ५०० मि. |
| २. | खोला वा नदी किनाराबाट | ५०० मि. |
| ३. | शिक्षण संस्था, स्वास्थ्य संस्था, धार्मिक, सांस्कृतिक, पुरातात्विक महत्वका स्थान तथा सुरक्षा निकायबाट | २ कि. मि. |
| ४. | पक्की पुलबाट | ५०० मि. |
| ५. | अन्तराष्ट्रिय सीमाबाट | २ कि. मि. |
| ६. | वन, निकुञ्ज तथा आरक्षबाट | २ कि. मि. |
| ७. | घना वस्तीबाट | २ कि. मि. |
| ८. | हाईटेन्सन लाईनबाट | २०० मि. |
| ९. | ऐतिहासिक, ताल तलैया, जलाशय र पोखरीबाट | ५०० मि. |
| १०. | चुरे पहाडको फेदीबाट | १५०० मि. |

(२) नयाँ स्थापना हुने क्रसर उद्योगहरुले वातावरणीय अध्ययन प्रतिवेदनमा संकलन, उत्खनन गर्ने कच्चा पदार्थको स्थान, क्षेत्रफल, परिमाण, समयावधि र श्रोतको विवरण तथा त्यस्तो क्षेत्रको रेखाङ्कन सहितको नाप नक्सा अनिवार्य रुपमा समावेश गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिमको प्रकृया पुरा गरी नयाँ क्रसर उद्योग सञ्चालनको लागि वन तथा वातावरण मन्त्रालय वा सो मातहतका निकायहरुको सहमति लिई दर्ताका लागि निवेदन दिने व्यक्ति वा फर्मले उपदफा (१) बमोजिमको मापदण्ड समेत पालना गरेको अवस्थामा औद्योगिक व्यवसाय सम्वन्धि प्रचलित कानूनले गरेको वर्गिकरण बमोजिम अधिकार प्राप्त निकायले क्रसर उद्योग सञ्चालनको लागि अनुमति प्रदान गर्नेछ ।

(४) क्रसर उद्योग लगायतका बालुवा पांगो धुने र प्रशोधन गर्ने मेसिन (फिरफिरे) तथा ढुङ्गा प्रशोधन उद्योग स्थापना गर्दा साईड ड्रेन, हिलो थिग्रने पोखरी, फोहर पानी प्रशोधनको व्यवस्था र वायु प्रदुषणको नियन्त्रणको लागि समेत आवश्यक व्यवस्था गर्ने दायित्व सम्बन्धित व्यवसायीको हुनेछ ।

(५) अनुगमन समितिले अन्य विषयका अतिरिक्त उपदफा (४) बमोजिमका शर्तहरुको पालना भए नभएको नियमित अनुगमन गर्ने र शर्त पालना नगर्ने उद्योगहरुलाई समितिको निर्णय बमोजिम शर्त पुरा नभएसम्म उद्योग सञ्चालनमा रोक लगाउन सकिनेछ ।

(६) प्रचलित कानून बमोजिम स्थापना भई सञ्चालनमा रहेका खानी, क्रसर तथा प्रशोधन उद्योगले आफ्नो उद्योगको वार्षिक क्षमताको अधिनमा रही संकलन, उत्खनन गर्ने कच्चापदार्थको श्रोत सहितको विवरण खुलाई प्रत्येक वर्षको भाद्र महिनाभित्र अनुगमन समिति र स्थानीय अनुगमन समितिले गाउँ कार्यपालिकामा समक्ष पेश गर्नु पर्नेछ ।

(७) यस मापदण्ड बमोजिम स्थापना र सञ्चालन हुने उद्योगले प्रत्येक आर्थिक वर्षका लागि असार मसान्तभित्र आफ्नो उत्पादनको वार्षिक मौज्दात र खरिद बिक्रीको परिमाण सार्वजनिक गरी सो को जानकारी गाउंपालिका र अनुगमन समितिलाई दिनु पर्नेछ ।

(८) उपदफा (६) र (७) बमोजिमको व्यवस्था पालना नगर्ने उद्योगलाई अनुगमन समितिको सिफारिसमा गाउंपालिकाले बन्द गर्न सक्नेछ ।

(९) उपदफा (१) को दुरी सम्वन्धि मापदण्ड पुरा नहुने गरी सञ्चालनमा रहेका क्रसर उद्योगहरुलाई बेनीघाट रोराङ गाउंपालिकाले एक वर्षभित्र वातावरणीय अध्ययन गराई स्थानान्तरण गर्न लगाउनु पर्नेछ र यसरी स्थानान्तरण हुन नमान्ने उद्योगको हकमा गाउंपालिकाले खारेजीका लागि सम्बन्धित निकाय समक्ष सिफारिस गर्नेछ ।

(१०) नयाँ दर्ता हुने बालुवा प्रशोधन उद्योगको हकमा स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदनको आधारमा उत्पादनमूलक उद्योगको रुपमा गाउंपालिकाले दर्ता गर्ने व्यवस्था मिलाउन सक्नेछ ।

(११) क्रसर उद्योगले आफूलाई चाहिने कच्चा पदार्थ सिधै नदी वा वन क्षेत्रबाट उत्खनन वा संकलन गरी प्रशोधन गर्न पाउने छैन ।

(१२) उपदफा (६) बमोजिम क्रसर उद्योगको लागि आवश्यक पर्ने कच्चा पदार्थको आपूर्ति गर्दा लाग्ने विक्री मूल्य वा शुल्क गाउंपालिकालाई वुझाएपछि मात्र त्यस्तो कच्चा पदार्थ आपूर्ति गर्न पाइनेछ ।

(१३) क्रसर उद्योगलाई गाउंपालिकाको सभाबाट निर्धारित दरमा उत्पादित परिमाणको आधारमा व्यवसाय कर लगाउन सक्नेछ ।

**१३. ठूला रुपान्तरणकारी राष्ट्रिय गौरवका प्राथमिकता प्राप्त आयोजनाका लागि विशेष व्यवस्थाः**

(१) ठूला, रुपान्तरणकारी राष्ट्रिय गौरवका तथा प्राथमिकता प्राप्त आयोजनाहरुका लागि नदीजन्य पदार्थको अभाव हुन नदिन नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह र विकास साझेदारबाट सञ्चालित त्यस्ता आयोजनाहरुलाई आवश्यक पर्ने ढुङ्गा, गिटी, बालुवाको वातावरणीय अध्ययन प्रतिवेदनको पालना हुने गरी बेनीघाट रोराङ गाउंपालिकाले नियमानुसारको शुल्क वा दस्तुर लिई आयोजना कार्यालयको सिफारिसमा तोकिएको स्थानबाट निर्माण सामाग्री संकलनको व्यवस्था मिलाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम नदीजन्य पदार्थ उपलव्ध गराउनु पर्दा सम्बन्धित आयोजना कार्यालयको आवश्यक परिमाण खुल्ने व्यहोराको सिफारिस, सम्बन्धित निकायले स्वीकृत गरेको वातावरणीय अध्ययन प्रतिवेदन र आयोजना सञ्चालन गर्ने गरी भएको सम्झौता लगायतका कागजातको आधारमा बेनीघाट रोराङ गाउंपालिकाले शुल्क वा दस्तुर लिई त्यस्तो नदीजन्य पदार्थ उपलव्ध गराउनु पर्नेछ ।

(३) यस दफा बमोजिम प्राप्त गरेको ढुङ्गा, गिटी, बालुवा आयोजनाको लागि मात्र प्रयोग गर्ने व्यवस्था सम्बन्धित आयोजना प्रमुखले मिलाउनु पर्नेछ र अन्यत्र प्रयोग भएको पाइएमा अनुगमन समितिले त्यस्तो आयोजना प्रमुखलाई सम्बन्धित निकायमा आवश्यक कारवाहीको लागि लेखी पठाउनु पर्नेछ ।

(४) नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह तथा विकास साझेदारहरुबाट सञ्चालित आयोजनाहरुको वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत गर्दा आयोजनालाई चाहिने ढुङ्गा, गिटी, बालुवाको परिमाणका साथै उत्खनन स्थल निर्धारण गरी प्रतिवेदनमा समावेश गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

(५) उपदफा (४) बमोजिम सञ्चालित आयोजनाहरुको लागि आवश्यक पर्ने ढुङ्गा, गिटी, बालुवाको ओसार पसार र ढुवानी गर्दा समेत यस मापदण्डमा उल्लेखित प्रकृया पुरा गर्नु पर्नेछ ।

(६) बेनीघाट रोराङ गाउंपालिका आफैले सञ्चालन गर्ने आयोजनाका लागि आवश्यक पर्ने साधारण निर्माणमुखी पदार्थको हकमा सम्बन्धित सभाको स्वीकृतीमा विक्री मूल्य वा शुल्क नलाग्ने व्यवस्था मिलाउन सक्नेछ ।

तर त्यस्तो व्यवस्था गर्दा आयोजनाको लागत अनुमान स्वीकृत गर्दा नै नदीजन्य पदार्थको मूल्य र शुल्क समायोजन गरेको हुनु पर्नेछ ।

(७) सडक निर्माण तथा विस्तारको क्रममा सडक अधिकार क्षेत्रभित्रबाट निस्कने ढुङ्गा, गिटी, बालुवा जस्ता निर्माण सामाग्री सम्बन्धित आयोजनाले उपयोग गर्ने अवस्थामा त्यस्तो

सामाग्रीको परिमाणका आधारमा लाग्ने बिक्री मूल्य वापतको रकम बेनीघाट रोराङ गाउंपालिकालाई वुझाएर मात्र उपयोग गर्न सकिनेछ ।

१४. **वातावरणीय अध्ययन प्रतिवेदन सम्वन्धि व्यवस्थाः** साधारण निर्माणमुखी नदीजन्य तथा खानीजन्य पदार्थको उत्खनन, संकलन, ढुवानी कार्यका लागि गरिने वातावरणीय अध्ययन सम्वन्धि व्यवस्था वातावरण संरक्षण सम्वन्धि प्रचलित कानून बमोजिम हुनेछ ।

१५. **राजस्व वांडफांड सम्वन्धि व्यवस्थाः** बेनीघाट रोराङ गाउंपालिकाले यस मापदण्ड बमोजिम साधारण निर्माणमुखी खानीजन्य र नदीजन्य पदार्थको विक्री एवं अनुमति वा नविकरण शुल्क वा करबाट संकलित राजस्व मध्ये साठी प्रतिशत रकम गाउंपालिकाको स्थानीय सञ्चित कोषमा र चालिस प्रतिशत रकम सम्बन्धित प्रदेश सरकारको प्रदेश सञ्चित कोषमा जम्मा हुने गरी वांडफांड गर्नु पर्नेछ ।

१६. **कार्यविधि वनाउनेः** यस मापदण्ड बमोजिम अनुगमन र नियमन सम्वन्धि व्यवस्थाको कार्यान्वयनका लागि स्थानीय अनुगमन समितिले आवश्यक कार्यविधि वनाई लागु गर्न सक्नेछ ।

१७. **व्यवसायिक रुपमा विक्री गर्न नहुनेः** नीजि माछा पोखरी, पेट्रोल पम्प, आवास क्षेत्र निर्माण लगायतका कार्य गर्दा निस्किने ढुङ्गा, गिटी, बालुवाको व्यवसायिक विक्री गर्न पाइने छैन । तर व्यवसायिक रुपले विक्री गर्नु पर्ने अवस्थामा वातावरणीय अध्ययन गराई बेनीघाट रोराङ गाउंपालिकामा लाग्ने शुल्क वा दस्तुर वुझाई अनुमति लिएर मात्र गर्नु पर्नेछ ।

१८. **सूचना पाटी राख्नेः** नदीजन्य पदार्थको संकलन, उत्खनन वा ढुवानीकर्ताले संकलन वा उत्खनन गरिने स्थानको लम्वाई, चौडाई तथा गहिराई सहितको चाल किल्ला, उत्खनन गर्ने अवधि र समय, प्रयोग गरिने साधन र गुनासो सुन्ने अधिकारीको नाम, पद र सम्पर्क नम्वर लगायतका विवरण खुल्ने अनुसूची ६ बमोजिमको सूचना पाटी सम्बन्धित उत्खनन तथा संकलन स्थलमा राख्ने व्यवस्था अनिवार्य रुपमा मिलाउनु पर्नेछ ।

१९. **मूल्य अभिवृद्धि करमा दर्ता गर्नु पर्नेः** यस मापदण्ड बमोजिम नदीजन्य पदार्थको ठेक्का लिने व्यवसायी अनिवार्य रुपमा मूल्य अभिवृद्धि करमा दर्ता भएको हुनु पर्नेछ ।

२०. **निकासी सम्बन्धी व्यवस्थाः** (१) बेनीघाट रोराङ गाउँपालिकाले ढुङ्गा, गिटी, बालुवा जस्ता साधारण निर्माणमुखी पदार्थको कम्तिमा एक तह प्रशोधन गरी निकासी गर्ने व्यवस्था मिलाउन सक्नेछ ।

(२) चट्टान काटेर वा कुंदेर तयार गरिने सामाग्री वा स्टोनडष्ट जस्ता पदार्थ ओसार पसार गर्दा प्याकेजिङ्ग गरेर निर्यात गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

२१. **थप व्यवस्था गर्न सक्नेः** यो कार्यविधि मापदण्ड कार्यान्वयनलाई थप व्यवस्थित र प्रभावकारी बनाउन प्रतिकुल हुने भएमा संघीय कानून र कार्यविधि विपरित नहुने गरी कानून बनाई लागु गरिनेछ ।

**२२. बचाउः** (१) यस कार्यविधिमा जे सुकै कुरा लेखिएको भएता पनि वातावरण संरक्षण ऐन, २०७६, वातावरण संरक्षण नियामावली, २०७७, ढुङ्गा, गिट्टी, बालुवा उत्खनन विक्री व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ ले गरेका निर्णयहरु मान्य हुनेछ ।

(२) उपदफा (१) बमोजिमका भए गरेका काम कारवाही यसै मापदण्ड बमोजिम भए गरेको मानिनेछ ।

**अनुसूची १**

**(दफा ४ को उपदफा (३) संग सम्बन्धित )**

**नदीको वातावरणीय अवस्था निरीक्षण चेक लिष्ट**

| क्र.सं. | विवरण | छ वा छैन | कैफियत |
|---|---|---|---|
| १. | वातावरणीय अध्ययन प्रतिवेदनले औंल्याएका विषय अनुसारको व्यवस्था | | |
| २. | वातावरणीय अध्ययन प्रतिवेदनले संकलन तथा उत्खननको लागि तोकेका क्षेत्रहरु परिवर्तन भएको | | |
| ३. | ढुङ्गा, गिटी, बालुवा, गेगर जस्ता पदार्थको अवस्था परिवर्तन | | |
| ४. | संकलन, उत्खनन र ढुवानीको लागि नयाँ प्रावधानको आवश्यकता | | |
| ५. | नदीले वहाव परिवर्तन गरेको | | |
| ६. | वातावरणीय अध्ययन प्रतिवेदनले औंल्याएका पहिलेको अवस्था | | |
| ७. | अघिल्लो वातावरणीय अध्ययन प्रतिवेदनले औंल्याए अनुसार संकलन तथा उत्खनन गर्न मिल्ने अवस्था | | |
| ८. | नदीले नयाँ पदार्थ थुपारेको वा वगाएको अवस्था | | |
| ९. | उत्खनन गरिने परिमाण, चौकिल्ला रेखाङ्कन सहितको नाप नक्सा राखेको क्षेत्रको अवस्था यथावत रहेको | | |
| १०. | अन्य | | |

**नोटः** वातावरणीय अध्ययन प्रतिवेदनसंग आवद्ध गरी यो निरीक्षण चेक लिष्टको प्रयोग गर्नु पर्नेछ।

अनुसूची २ क

(दफा ४ को उपदफा (५) संग सम्बन्धित)

नदीजन्य पदार्थको विक्रीका लागि बोलपत्र आव्हान सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति..........................)

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ६२ क. र यस वेनिघाट रोराङ गाउंपालिकाको आर्थिक ऐन ........२०.....को दफा .....को व्यवस्था बमोजिम तपसिलमा उल्लेखित नदीहरुको स्वीकृत घाटहरुबाट निर्धारित मापदण्ड बमोजिम नदीजन्य पदार्थ उत्खनन गरी वेनिघाट रोराङ गाउंपालिकाले तोकेको दरमा विक्री गर्ने गरी ठेक्का बन्दोवस्त गर्नु पर्ने भएकोले इच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुले फर्मको नविकरण भएको प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व...............को कर चुक्ता प्रमाणपत्र र नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपिहरु संलग्न गरी तपसिल बमोजिमका शर्तहरुको अधिनमा रही बोलपत्र प्रकृयामा सहभागी हुन सम्बन्धित सवैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

तपसिलः

| सि.नं. | सूभना नं./बोलपत्र नं. | बोलपत्रको नाम | उत्खनन परिमाण (घन फिट) | न्यूनतम बोलपत्र रकम (सेवा शुल्क र मू.अ. कर बाहेक) | धरौटी रकम | बोलपत्र दस्तुर रु. |
|---|---|---|---|---|---|---|
| १. | | | | | | |

**शर्तहरुः**

फर्मको हकमा नविकरण भएको दर्ता प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्र आ.व. ...............को करचुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि र व्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, बोलपत्र फाराम दस्तुर वापत यस कार्यालयमा नगदै तिरको वा ।।।।।।। बैंक शाखा कार्यालय .......... मा रहेको यस कार्यालयको खाता नं ...... मा नगद जम्मा गरेको नगद भौचर साथ निवेदन पेश गरी यो सूचना प्रथमपटक प्रकाशन भएको मितिले ...... औ दिनको कार्यालय समय भित्र कार्यालयबाट बोलपत्र फाराम खरिद गर्न सकिनेछ ।साथै विद्युतीय माध्यमबाट बोलपत्र पेश गर्न चाहने बोलपत्रदाताले सार्वजनिक खरिद अनुगमन कार्यालयको www.bolpatra.gov.np बाट बोलपत्र सम्बन्धी कागजातहरु डाउनलोड तथा अपलोड गर्न सक्ने व्यवस्था गरिएको छ ।तोकिएको बोलपत्र दस्तुर यस कार्यालयको ............ वा यस कार्यालयको बैंक खातामा माथि उल्लेखित खाता नं मा जम्मा गरेको भौचरलाई बोलपत्र

सम्बन्धी कागजात साथ संलग्न गर्नुपर्नेछ ।बोलपत्र पेश गर्ने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा सोको लगत्तै पछिको कार्यालय खुल्ने दिन उल्लिखित कार्य हुनेछ ।

बोलपत्र सम्बन्धी फाराम भर्दा कबोल रकम अक्षर र अंकमा स्पष्ट उल्लेख गर्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ । आफुले कबोल गरेको अंकको ............. प्रतिशतको दरले हुन आउने धरौटी रकम यस कार्यालयको ............ मा रहेको धरौटी खाता नं ........... जम्मा गरी सोको सक्कल बैंक भौचर वा ........... बैंकबाट इजाजत प्राप्त ................ बैंकबाट यस कार्यालयको नाममा बोलपत्र नं र नाम उल्लेख गरी ......... दिनको म्याद सहित जारी गरिएको बिड बण्ड सिलबन्दी खाम साथ पेश गर्नु पर्नेछ ।

खरिद गरेको बोलपत्र फारामहरुमा उल्लेख भएका सबै विवरणहरु भरी बोलपत्रदाताले प्रत्येक पानामा सही छाप गरी सिलबन्दी गरी खाम बाहिर फर्मको नाम, ठेगाना, कामको विवरण, बोलपत्र विवरण प्रोपराइटराको नाम, ठेगाना, फोन नं. मोबाइल नं. समेत स्पष्ट खुलाई फर्मको छाप लगाई प्रथम पटक सूचना प्रकाशित भएको मितिले ......................औं दिन दिको .... बजे भित्र यस कार्यालयमा हार्डकपी वा विद्युतीय प्रति दर्ता गर्नु पर्नेछ ।

एक फर्म वा संस्थाको नाममा खरिद गरिएको बोलपत्र अर्को फर्म वा संस्थाका नामबाट दाखिला गर्न पाइने छैन । रीतपूर्वक पर्न आएका बोलपत्र सम्बन्धी कागजातहरु पेश गर्ने अन्तिम दिनको ........... बजे देखि विभिन्न कार्यालयका प्रतिनिधि, निर्माण व्यवसायी वा निजको प्रतिनिधिहरुको रोहबरमा यस कार्यालयमा खोलिने छ । साथै बोलपत्रदाता वा निजको प्रतिनिधि बोलपत्र खोल्ने समयमा उपस्थित नभएमा बोलपत्र खोल्न बाधा पर्ने छैन । उक्त दिन बिदा परेमा सो कार्य बिदाको लगतै पछि कार्यालय खुलेको दिनमा गरिनेछ ।

प्रि-बिड बैठक यो सूचना प्रकाशित मितिले ......................... औ दिन दिनको ................. बजे ................. गाउँपालिकाको कार्यालयमा हुनेछ ।ईच्छुक बोलपत्रदाताहरुले उक्त बैठकमा भाग लिई यस सम्बन्धमा विस्तृत जानकारी हासिल गर्न सक्नु हुनेछ । उक्त दिन बिदा परेमा उक्त बैठक सोको भोलिपल्ट सोही समयमा हुनेछ ।

बोलपत्र सम्बन्धी विस्तृत जानकारी बोलपत्र सम्बन्धी फाराममा उल्लेख गरिएको हुँदा सोही पुस्तिकाबाट अवगत गर्न वा यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ । म्याद नाघी, रीत नपुगी वा शर्तसहित पेश हुन आएका बोलपत्र स्वीकार गर्न यस कार्यालय बाध्य हुने छैन । बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।
बोलपत्र स्वीकृत भएमा सोको सूचना पाएको वा घरदैलोमा सूचना टाँस भएको मितिले ................. दिनभित्र मू.अ. कर दर्ता प्रमाणपत्र समेत लिई कबोल अंकको प्रथम किस्ताबापत ...................... प्रतिशतले हुने रकम अनिवार्य बुझाउनुपर्नेछ । दोस्रो किस्ताबापत ................... प्रतिशतले हुने रकम नेपाल राष्ट्र बैंकबाट ईजाजत प्राप्त .................... बैंकबाट यस कार्यालयको नाममा ................ साल .................मसान्त सम्म म्याद सहित जारी गरिएको बैंक ग्यारेन्टी (परफरमेन्स बन्ड) समेत पेश गरी पट्टा उठाउनुपर्नेछ । साथै बोलपत्र कबोल गर्ने व्यक्ति वा फर्मले आफुले कबोल गरेको अंक, सेवा शुल्क बापत हुन आउने

जम्मा रकमको नियमानुसार घप …………% भ्याट रकम समेत यस कार्यालयमा बुझाउनुपर्नेछ । नियमानुसार नेपाल सरकारलाई आयकर तथा अन्य कर बोलपत्रदाताले छुट्टै बुझाउनु पर्नेछ । तोकिएको म्यादभित्र पट्टा उठाउन नआएमा राखिएको धरौटी रकम जफत गरी नियमानुसार बोलपत्र मन्दोवस्त गरिनेछ पन गाउँपालिकाका नदी तथा नदीहरूको उत्खनन् दोष र उत्खनन् परिमाणका सन्दर्भमा स्थानीय सरकार संचालन ऐन, २०७४ सम्बन्धित स्थानीय तहबाट जारी भएका कानून प्रदेश कानून तथा अन्य प्रचलित कानून वा मापदण्ड बमोजिम हुनेछ साथै यस कार्यालयबाट गरिएको बातावरणीय अध्ययन प्रतिवेदन यस बोलपत्र सम्झौताको अभिन्न अंग मानिनेछ ।

(नोटः विस्तृत जानकारीको लागि यस कार्यालयको वेवसाईट https://mudkechulamun.gov.np/ मा समेत हेर्न सकिनेछ ।

## अनुसूची - २ ख
## (दफा ४ को उपदफा (५) सँग सम्बन्धित)
## ठेक्का सम्झौता फाराम

लिखितम ..................... नाती ......................... छोरा ............................ जिल्ला ............... गाउँपालिका वडा नं .............. स्थायी घर भई हाल ................ गाउँपालिका वडा नं ................ मा बसोबास गर्दै आएको वर्ष ...................... को ........................ ले तपसिल बमोजिमको शर्तमा तपसिल बमोजिमको क्षेत्रमा ................ ठेक्का बन्दोवस्त गर्ने गरी यस कार्यालयबाट प्रकाशित गरिएको मिति ...................... को ठेक्का नं ..................... को सूचना बमोजिम ढुङ्गा, गिट्टी र बालुवा उत्खनन्, संकलन तथा विक्री वितरणका लागि तपाई समेतले पेश गर्नु भएको बोलपत्र मूल्यांकन गर्दा आ.व. .............. का लागि ................. रु .....................(मू.अ.कर बाहेक) मा तपाईसँग ठेक्का सम्झौता गर्न मिति ................. मा यस कार्यालयबाट निर्णय भएको हुँदा उपर्युक्त निर्णय अनुसार तपसिलका शर्त बमोजिमतपसिल बमोजिमका क्षेत्रमा ..................... गाउँपालिकाको तर्फबाट आय संकलन गर्ने ठेक्काको मन्जुरी भई सम्झौता गर्न उपस्थित भएको छु । तपसिलमा लेखिए बमोजिमको शर्तमा कुनै घटीबढी नपारी कामकाज गरी मिति .......................... मा यस कार्यालयलाई .................. प्रतिशत छुट पाउने रकम कटाई सम्पूर्ण किस्ताको रकम एकमुष्ट रु ........................(मू.अ.कर बाहेक) बुझाई मिति .................. देखि मिति ..........सम्म आ.व. ..................को लागि ठेक्का चलाउनेछु । पछि मैले गरेको सम्झौता उपर कुनै कुरा उजुर गर्ने छैन, गरे यसै कागजातबाट बदर गरिदिनु भनी मेरो मानोमानी राजीखुसी सँग रकम चलनको कवुलियत लेखी यस कार्यालयमा बुझाएको छु ।

### तपसिलः

(१) यस सम्झौतापत्रमा उल्लेख गरिए बमोजिमका क्षेत्र भित्र र शर्तको अधीनमा रही आ.व. .......... का लागि ............. प्रतिशत छुट पाउने रकम कटाई सम्पूर्ण किस्ताको रकम एकमुष्ट रु. ....... |- (मू.अ.कर बाहेक) वा प्रथम किस्ता बापतको रु ......... (मू.अ.कर बाहेक) बुझाई ......... गते देखि ............. सम्मको लागि प्रचलित कानूनको अधीनमा रही ............... आय संकलन गर्नेछु ।

(२) उक्त आय संकलन गर्नका लागि गाउँपालिका क्षेत्र भित्र रहेका यसै साथ संलग्न सूचीका मालवस्तुमा सोही सुचिमा तोकिएको दरमा विक्री मूल्य, सेवा शुल्क वा दस्तुरको रुपमा आय संकलन गर्ने गरी गाउँपालिका .................... लाई अग्रिम एकमुष्ट वा प्रथम किस्ता बापतको रकम बुझाएको छु ।

(३) सो आय संकलन गर्न गाउँपालिकाबाट निर्धारण भएको वस्तुमा तोकिदिएको डर बाहेक अन्य कुनै किसिमको कर सेवा शुल्क, दस्तुर इत्यादि थप गरी लिने छैन र ................. गाउँपालिकाबाट प्रमाणित गरिए बाहेकका रसिदहरु प्रयोग गरी आय संकलन गर्ने छैन ।

अनुगमन समिति वा स्थानीय तहबाट अनुगमन हुँदा कुनै अनधिकृत रकम असुल उपर गरेको वा अनधिकृत रसीद प्रयोग गरेको पाईएमा नियमानुसार कारबाही र सजाय भएमा मलाई मञ्जुर छ ।

**नदीजन्य पदार्थहरु उत्खनन्, संकलन र विक्री वितरण गर्ने शर्तहरुः**

१. साधारण निर्माणमुखी नदीजन्य पदार्थहरु घाटगद्दी स्थल तोकि निर्धारित स्थानबाट, मात्र उत्खनन् तथा विक्री वितरण गर्नुपर्नेछ ।

२. साधारण निर्माणमुखी नदीजन्य पदार्थको उत्खनन् संकलन गरी घाटगद्दी क्षेत्रबाट विक्री वितरण गर्ने क्रममा उल्लिखित शर्तहरु पालना भए नभएको सम्बन्धमा अनुगमन समिति तथा गाउँपालिकाले अनुगमन गरी आवश्यक निर्देशन दिन सक्नेछ ।निर्देशन पालना गर्ने दायित्व सम्बन्धित ठेकेदारको हुनेछ ।

३. ठेक्का कबोल गर्ने व्यक्ति वा फर्मले आफुले कबोल गरेको अंकको साथै उत्खनन्को लागि उल्लिखित परिमाणको आधारमा विक्री शुल्क बापतको दरले हुन आउने रकम समेतको हिसाबले नियमानुसार थप ................. मू.अ.कर रकम समेत गरी एकमुष्ट वा ........ किस्तामा ....... प्रतिशतका दरले ................... मसान्त भित्र र ................ महिनाको अन्तिममा यस कार्यालयमा बुझाउनु पर्नेछ ।

४. यस गाउँपालिकाका नदी तथा नदीहरुको उत्खनन् क्षेत्र र उत्खनन् परिमाणका सन्दर्भमा स्थानीय सरकार संचालन ऐन, २०७४, प्रदेश कानून, नदीजन्य निर्माण सामग्रीहरुको उपयोग सम्बन्धमा भएका अध्ययन प्रतिवेदन एवं वातावारणीय परीक्षण प्रतिवेदन यस ठेक्का सम्झौताको अभिन्न अंग रहनेछन् ।

५. यस ठेक्का सम्झौतामा उल्लेखित नदीहरु बाहेक नदीजन्य पदार्थको उत्खनन, संकलन तथा विक्री वितरण कार्य चुरे, मध्यवर्ति क्षेत्र, राष्ट्रिय निकुन्ज, सामुदायिक वन र नेपाल सरकारले निषेध गरेको स्थानहरुबाट गर्न पाइनेछैन ।

६. विक्री मूल्य वा दस्तुर शुल्क तोकिएको संकलन केन्द्रमा मात्र उठाउनु पर्नेछ । राष्ट्रिय राजमार्ग र सहायक राजमार्गमा ढाट राख्न पाइनेछैन ।

७. नेपाल सरकार वा ................. गाउँपालिकालाई प्रचलित कानून बमोजिम बुझाउनुपर्ने अन्य कर दस्तुर, शुल्क आदि सबै ठेकेदार स्वयंले सम्बन्धित निकायमा बुझाउनु पर्नेछ । सो बापत बुझाएको रकमलाई कबोल गरेको ठेक्का रकमबाट कट्टा गर्न पाइनेछैन ।

८. शुल्क उठाउने रसीदहरु ठेक्काको शिर्षक अनुसार छुट्टा छुट्टै ठेकेदारले आफ्नै तर्फबाट छपाई गरी यस कार्यालयको छाप लगाई प्रमाणित गराएर र रसीद नियन्त्रण खातामा नम्बर दाखिला गरेर मात्र कर दस्तुर उठाउन प्रयोगमा ल्याउनुपर्नेछ ।

९. विक्री मूल्य वा शुल्क असुल गर्नुपर्ने डर रेटको सूची तालिका र शर्तहरु सहितको होर्डिङ बोर्ड कर संकलन केन्द्रमा अनिवार्य रुपले ठेकेदारले सर्वसाधारणले देख्नेगरी राख्नु पर्नेछ ।

१०. ठेक्का सम्बन्धमा कुनै विवाद परेमा त्यस्तो विवादको समाधान प्रचलित कानून बमोजिम हुनेछ ।

११. तोकिएको म्याद भित्र ठेकेदारले गाउँपालिकालाई बुझाउनु पर्ने किस्ता रकम नबुझाएमा ………… गाउँपालिकाले जुनसुकै बखत ठेक्का तोड्न सक्नेछ र हानी नोक्सानी क्षतिपूर्तिको रकमको साथै बाँकी किस्ता रकमको ……………. % का दरले ब्याज समेत ठेकेदारबाट गाउँपालिकाले असुल गर्नेछ ।

१२. ……………… गाउँपालिकाले विक्री मूल्य वा शुल्क कर असूल गरिसकेको निर्माण सामग्रीमा पुनः अर्को स्थानीय तहबाट कर लगाउन पाइने छैन ।

१३. प्रचलित ऐन, नियम बमोजिम ठेक्काको शर्त तथा दररेटमा कुनै संशोधन भएमा संशोधित व्यवस्था बमोजिम हुने गरी कार्यान्वयन गर्नुपर्नेछ ।

१४. ठेक्का संकलन केन्द्रको विवरण निम्न अनुसारको ढाँचामा राख्नु पर्नेछ । तोकिएको स्थान बाहेक अन्य स्थानमा संकलन केन्द्र राख्नु पर्ने भएमा …………… गाउँपालिकाको पूर्व स्विकृति लिएर मात्र राख्नु पर्नेछ ।

**संकलन केन्द्र राख्ने स्थान**

| क्र.स. | ठेक्काको किसिम | संकलन केन्द्र राख्ने स्थान | कैफियत |
|---|---|---|---|
| १ | | | |

१५. आ.व. ……………..को लागि निम्नानुसारको नदीजन्य सामग्रीमा प्रति घन फिट विक्री दर रु ………… मा मू.अ.कर बापत ………… प्रतिशत थप गरी निम्न अनुसार विक्री मूल्य वा शुल्क संकलन गर्न पाइनेछ । साथै तोकिएको अवधिभन्दा पहिले तोकिएको परिमाण उत्खनन् भएको खण्डमा थप परिमाण उत्खनन् गर्न रोक लगाइनेछ ।

१६. उत्खनन् संकलन तथा विक्री गरिने साधारण निर्माणमुखी नदीजन्य पदार्थको मौज्दात आर्थिक वर्षको अन्तमा शुन्य गर्नुपर्नेछ । शुन्य गर्न नसकेको परिमाण गाउँपालिकाले जफत गरी लिलाम विक्री गर्नेछ ।

१७. साधारण निर्माणमुखी नदीजन्य तथा खानीजन्य पदार्थ विक्री बापत गाउँपालिकालाई बुझाउनु पर्ने विक्री शुल्कको विवरण देहायको ढाँचामा राख्नुपर्नेछ ।

*(प्रति घन फिटमा)*

| नदीजन्य वा खानीजन्य पदार्थ | ठेकेदार लिन पाउने विक्री मूल्य वा शुल्क (……%) | मू.अ.कर रकम (……..%) | कुल जम्मा |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |

१८. सामान्य निर्माणमुखी नदीजन्य उत्खनन, संकलन तथा विक्री गर्दा राष्ट्रिय गौरवका साथै रुपान्तरणकारी आयोजनाहरुलाई विशेष प्राथमिकता दिनुपर्नेछ ।

१९. नदीबाट नदीजन्य पदार्थहरु उत्खनन् गर्दा वातावरणमा प्रतिकूल प्रभाव पर्ने गरी कुनैपनि कार्य गर्न पाइने छैन ।

२०. ठेकेदारले यस सम्झौतामा उल्लिखित सम्पूर्ण शर्तहरु पूर्ण रुपले पालना गर्नु पर्नेछ र सोको नियमित रुपमा गाउँपालिकाबाट अनुगमन हुनेछ । यस्तो अनुगमनबाट शर्त उल्लङ्घन भएको पाइएमा कार्यालयले जुनसुकै बखत ठेक्का तोड्न सक्नेछ र यसबाट ठेकेदारलाई हानी नोक्सानी हुन गएमा कार्यालय जिम्मेवार हुनेछैन र त्यसको क्षतिपूर्ति दिइनेछैन ।

२१. साधारण निर्माणमुखी नदीजन्य पदार्थ उत्खनन् र संकलन गर्दा भौतिक, जैविक, सामाजिक, आर्थिक र सांस्कृतिक क्षेत्रमा पर्ने असरहरुलाई कम गर्ने प्रक्रियाहरु अवलम्बन गरी ढुङ्गा, गिट्टी, बालुवा आदि संकलन तथा ढुवानी गर्नु पर्नेछ ।

२२. साधारण निर्माणमुखी नदीजन्य पदार्थ उत्खनन् स्थलसम्म जाने बाटो मर्मत गर्ने अवस्था आएमा ठेकेदार आफैले मर्मत गर्नु पर्नेछ । सो बापत लागेको खर्च गाउँपालिकामा दाबी गर्न पाइने छैन ।

२३. उत्खनन् गर्दा नजिक रहेको सडक वन तथा खोला नालाको किनारा, घाटलाई कुनै हानी नोक्सानी नहुने र सर्वसाधारण जनताको घरजग्गा, कुलो, बाँधमा क्षति नहुने गरी उत्खनन् गर्नु पर्नेछ ।

२४. कल्भर्ट, सडक, बाटो तथा सार्वजनिक निर्माण स्थलबाट दुवैतर्फ दुई सय मिटर भित्र निर्माण सामग्रीहरु उत्खनन् गर्न पाइनेछैन ।

२५. मुख्य मार्गबाट बोल्डर, ग्राभेल, बालुवा उत्खनन् गर्ने स्थलसम्म जाने आउने बाटो निर्माणको कार्य गर्दा निजी जग्गामा पर्ने भए सम्बन्धित जग्गाधनीको मन्जुरीनामा लिनु पर्नेछ र वन क्षेत्र भएर जाने भए वन कार्यालय सँग सम्पर्क र समन्वय राखी ठेकेदारले बाटो निर्माण गर्नु पर्नेछ ।

२६. ठेक्का सम्झौता भएको मितिको भोलिपल्ट देखि ………… सम्म विहान ……………. बजे देखि बेलुका ………. बजे सम्म मात्र उत्खनन् एवं संकलन समय अवधि हुनेछ ।

२७. साधारण निर्माणमुखी नदीजन्य तथा खानीजन्य पदार्थको उत्खनन् तथा संकलन कार्यमा एक्स्काभेटर, डोजरजस्ता भारी उपकरणहरुको प्रयोग गर्दा वातावरणीय प्रतिवेदनको प्रावधानमा उल्लेख भएका शर्त तथा सीमाभित्र रही मात्र प्रयोग गर्नु पर्नेछ ।

२८. ठेक्का लागेको स्थानबाट दस्तुर वा शुल्क छलि मालवस्तु उठाई अन्यत्र लागेको वा स्टक गरेको फेला परेमा त्यस्तो मालवस्तुको दस्तुर वा शुल्क जुनसुकै स्थानमा लागेको भएपनि सम्बन्धित ठेकेदारले पठाउन सक्नेछ ।

२९. उत्खनन् पश्चात् काम नलाग्ने भनी छोडिएको निर्माण सामग्रीहरु जुन स्थलबाट निकालिएको हो, सोही स्थलमा लगी पूर्व अवस्थामा छोड्नु पर्नेछ । नदीको धार बदलिने गरी उत्खनन् गर्न पाइनेछैन ।

३०. साधारण निर्माणमुखी नदीजन्य पदार्थको उत्खनन् गर्ने कार्यमा संलग्न हुने कर्मचारी वा कामदारहरुले प्रयोग गर्ने सुरक्षा सामग्री तथा औजारहरु ठेकेदार स्वयमले उपलब्ध गराई सम्पूर्ण सुरक्षा सतर्कतासाथ उत्खनन् तथा बिक्री प्रबन्ध मिलाउनु पर्नेछ ।

३१. ठेक्का सम्झौता बमोजिमको कार्य गर्दा वातावरणमा कुनै प्रतिकूल प्रभाव नपर्ने गरी ठेकेदारले व्यवस्था मिलाउनु पर्नेछ । साथै कामदार तथा कर्मचारीहरुको सुरक्षाको लागि बीमा गर्ने गराउने दायित्व समेत निज ठेकेदारको हुनेछ ।

३२. स्वीकृत वातावरणीय प्रतिवेदनमा उल्लेख भएका वातावरणीय प्रभाव न्यूनीकरणका उपायहरुको पूर्ण पालना गरी नदीजन्य पदार्थ उत्खनन्, संकलन तथा बिक्री गर्नु पर्नेछ ।

३३. यसमा उल्लेख भएका कुराहरुमा सोही बमोजिम र यसमा उल्लेख नभएका कुराहरुको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

## अनुसूची-२ ग
## (दफा ४ को उपदफा (५) सँग सम्बन्धित)
## पट्टाको फाराम

................ गाउँपालिकाबाट श्री ............ को नाती .............. को छोरा ................ जिल्ला ................ गा.पा वडा नं ........... स्थायी घर भई हाल ................. गा.पा वडा नं. ................ मा बसोबास गर्दै आएको वर्ष ............ को ................ ले .............. कानून बमोजिम .............. गाउँपालिकाको निमित्त तपसिल बमोजिमको शर्तमा तपसिल बमोजिमको क्षेत्रमा तपसिल बमोजिमको दरले आय रकम संकलन गर्न ठेक्का बन्दोबस्त गर्ने गरी यस ....... गाउँपालिकाबाट बोलपत्र आव्हान गरिए अनुसार तपाई समेतले दिनु भएको बोलपत्रको मूल्यांकन हुँदा आ.व. .........को लागि रु ................. |- (मू.अ.कर बाहेक) अक्षरुपी ................... मात्रमा ठेक्का दिने गरी तपाईसँग ठेक्का बन्दोवस्त गर्न मिति ......................मा यस गाउँपालिकाबाट भएको निर्णय अनुसार तपसिलका शर्त बमोजिम हुने गरी आय संकलन गर्न मन्जुरी भई कवुलियत गरिदिनु भएको हुँदा कबुलियत बमोजिम घटी बढी नपारी तपसिलमा लेखिए बमोजिमको मिति भित्र .............. गाउँपालिकालाई सम्पूर्ण किस्ताको रकम रु .......... |- वा प्रथम किस्ता बापतको रकम रु .......... बुझाई मिति ................ देखि मिति ........... सम्म आ.व. .................... को लागि देहाय बमोजिमका स्रोतहरुबाट देहाय बमोजिमको दरमा विक्री मूल्य वा शुल्क संकलन गर्ने कार्य गर्नुहोला ।तपाईले गरी दिनुभएको सम्झौता र यो पट्टाको बर्खिलापकामकाज गरेको वा देहायमा उल्लेख भएको दरमा फरक पारी विक्री मूल्य वा शुल्क असुल गरेको ठहरे तपाईसँग भएको ठेक्का तोडी तपाईको नाम कोलो सूचीमा राखिने र त्यसबाट यस गाउँपालिकालाई हुन जाने नोक्सानीको सम्पूर्ण रकम तपाईले राखेको बैंक जमानत वा नगदै दाखिला गरेको रकमबाट असुल उपर गरिनेछ । पछि तपाईको कुनै कुरामा उजुर दाबी लाग्ने छैन भनी आजै यस ............ गाउँपालिकाबाट ठेक्का चलनको पूर्जी गरिदिईएको छ ।

### तपसिल

(१) सम्झौता उल्लेख गरिए बमोजिमका क्षेत्र भित्र र शर्तको अधिनमा रही आ.व ......................... को सम्पूर्ण किस्ता वा प्रथम किस्ता बापतको रकम रु .................. |- बुझाई ............. साल ............ गते देखि ......... साल ............ सम्मलाई प्रचलित कानूनको अधिनमा रही ........... गाउँपालिकाको आय संकलन गर्ने ।

(२) उक्त आय संकलन गर्नका निमित्त ......... गाउँपालिका क्षेत्र भित्र रहेका यसै साथ संलग्न सूचीका मालवस्तुमा सोही सूचीमा तोकिएको दरमा विक्री मूल्य वा शुल्कको रुपमा आय संकलन गर्नेछु । यसरी आय संकलन गर्दा करदातालाई दिइने भरपाई रसीद यसै गाउँपालिकाबाट प्रमाणित गराई प्रयोग गर्नेछु ।

(३) सो आय संकलन गर्न ................ गाउँपालिकाको कार्यालयबाट निर्धारण भएको वस्तुमा तोकिदिएको डर बमोजिम बाहेक अन्य कुनै किसिमको कर, सेवा शुल्क वा दस्तुर इत्यादि लगाई लिइने छैन र यस कार्यालयबाट प्रमाणित गरिए बाहेकका रसीदहरु प्रयोग गरी आय संकलन गरिने छैन । यदि कुनै अनधिकृत रकम असुल उपर गरेको वा अनधिकृत रसीद प्रयोग गरेको पाईएमा नियमानुसार कारबाही र सजाय हुनेछ ।

(४) अन्य कुराहरु तपाई र यस गाउँपालिकाको कार्यालय बीच भएको सम्झौता बमोजिम हुनेछ।

(५) साधारण निर्माणमुखी नदीजन्य पदार्थको उत्खनन्, संकलन र विक्री गर्दा देहायका स्थानबाट निम्न बमोजिमको परिमाणमा मात्र गर्नुपर्नेछ ।

| क्र.स. | नदीजन्य पदार्थ उत्खनन् गर्ने स्थान र नदीको नाम | बालुवा (क्यू.फि) | ढुङ्गा (क्यू.फि) | ग्राभेल/गिट्टी (क्यू.फि) | संकलन गर्ने स्थान |
|---|---|---|---|---|---|
| १. | | | | | |
| २. | | | | | |
| ३. | | | | | |
| ४. | | | | | |
| ५. | | | | | |
| ६. | | | | | |
| ७. | | | | | |
| ८. | | | | | |
| ९. | | | | | |
| १०. | | | | | |

## अनुसूची-३
## (दफा ४ को उपदफा (७) सँग सम्बन्धित)
## पटके प्रवेश आदेश

ढुङ्गा, गिट्टी, बालुवा जस्ता साधारण निर्माणमुखी नदीजन्य पदार्थ उत्खनन्, संकलन र ढुवानी कार्यको लागि वातावरणीय अध्ययन प्रतिवेदन कार्यान्वयनका सन्दर्भमा अनिवार्य प्रयोग गरिनु पर्ने परिमाण नियन्त्रण तथा नदी प्रवेश आदेश

नदी नाम :

नाका वा स्थानको नाम :

प्रवेश आदेश मितिः समयः प्रवेश आदेश नं

**<u>नदी प्रवेश आदेश विवरण</u>**

१. ढुवानी गरी लैजाने नाकाको नामः
   ठेगानाः सम्पर्क फोन नंः

२. ढुवानी गरिने पदार्थको नामः

३. ढुवानी गरी लैजाने साधनको नामः सवारी दर्ता नं :

४. निकाली लैजाने पदार्थको परिमाणः घन फूटः

५. ढुवानी गरी लैजाने स्थानः

६. ढुवानी गरी लैजाने पदार्थको प्रयोजनः

**(जुन प्रयोजनका लागि लैजाने हो कुनै एकमा चिन्ह लगाउने)**

(क) निजी निर्माण

(ख) सार्वजनिक निर्माण

(ग) प्रशोधन पछि विक्री

(घ) अन्य (प्रयोजन खुलाउने ..............................)

(**नोटः** यो आदेश नलिई ढुङ्गा, गिट्टी, बालुवा जस्ता साधारण निर्माणमुखी नदीजन्य पदार्थ उत्खनन्, संकलन गर्ने सवारी साधन नदीमा प्रवेश गर्न, ओसार-पसार गर्न र संचय वा भण्डारण गर्न निषेध गरिएको छ ।कहि कतै त्यस्तो पाईएमा प्रचलित कानून बमोजिम सजाय हुनेछ ।)

प्रवेश आदेश दिने कर्मचारीको नाम थरः

सहिः

ठेकेदार वा प्रतिनिधिको नाम थरः

सहिः

## अनुसूची-४ क
## (उत्खननकर्ताले राख्ने दैनिक उत्खनन् अभिलेख)
## (दफा ७ को उपदफा (६) सँग सम्बन्धित)

खानी वा नदीबाट ढुङ्गा, गिट्टी र बालुवा जस्ता साधारण निर्माणमुखी पदार्थ उत्खनन् ओसारपसार कार्यको लागि वातावरणीय अध्ययन प्रतिवेदनको कार्यान्वयनका सन्दर्भमा उत्खनन् स्थान अनुसार परिमाण नियन्त्रणका लागि दैनिक तयार गरिनु पर्ने अभिलेख

नाका वा स्थान भएको खानी वा नदीको नाम :

**उत्खनन् गरिएको नाका वा स्थानको नाम :**

| **क्र.स.** | **उत्खनन गरिएको मिति** | **उत्खनन् गरिएको परिमाण** | **उत्खननकर्ता वा प्रतिनिधिको दस्तखत** | **अनुगमनकर्ताको दस्तखत** |
|---|---|---|---|---|
| १. | | | | |
| २. | | | | |
| ३. | | | | |
| ४. | | | | |
| ५. | | | | |
| ६. | | | | |
| ७. | | | | |
| ८. | | | | |
| ९. | | | | |
| १०. | | | | |

## अनुसूची -४ ख
## दैनिक पटके विक्री वा ढुवानी अभिलेख तेरीज
## (दफा ७ को उपदफा (६) सँग सम्बन्धित)

नदीजन्य तथा खानीजन्य ढुङ्गा, गिट्टी, बालुवा जस्ता साधारण निर्माणमुखी पदार्थ उत्खनन् र संकलन कार्यको लागि वातावरणीय अध्ययन कार्यान्वयन सन्दर्भमा ढुवानी क्षेत्र अनुसार परिमाण नियंत्रंका लागि दैनिक तयार गरिने अभिलेख तेरीज

नदी वा खानीको नामः

नाकाको नामः

मितिः

| क्र.स. | ढुवानी मिति | पटके विक्री आदेश नं | पटके विक्री भएको परिमाण | विक्री भएको पदार्थ लैजाने सवारी नं | कैफियत |
|---|---|---|---|---|---|
| १. | | | | | |
| २. | | | | | |
| ३. | | | | | |
| ४. | | | | | |
| ५. | | | | | |
| ६. | | | | | |
| ७. | | | | | |
| ८. | | | | | |
| ९. | | | | | |
| १०. | | | | | |

**नोट :** यस फाराम उत्खनन् स्थलबाट प्रत्येक पटक भरी पटके विक्री आदेशको १ प्रति संलग्न गरी दैनिक रुपमा ............ गाउँपालिकालाई अनिवार्य रुपमा पठाउनु पर्नेछ ।

## अनुसूची-५
## (दफा ९ को उपदफा (७) सँग सम्बन्धित)
## ..................... गाउँपालिका र जिल्ला अनुगमन समितिबाट अनुगमन गर्दा प्रयोग हुने अनुगमन चेक लिष्ट

| क्र.स. | विवरण | छ वा छैन | कैफियत |
|---|---|---|---|
| १ | मेशिन उपकरणको प्रयोग सम्झौता अनुसार | | |
| २ | प्रयोग हुने एक्स्काभेटरको संख्या सम्झौता अनुसार | | |
| ३ | प्रयोग गर्ने क्षेत्र पालना भएको | | |
| ४ | संकलन, उत्खनन् र ढुवानीको समय पालना भएको | | |
| ५ | अधिकतम गहिराईको मापदण्ड पालना भएको | | |
| ६ | निकालिने परिमाण पालना भएको | | |
| ७ | मुख्य वस्ती देखि मेशिन उपकरणको प्रयोग गर्ने क्षेत्र सम्मको औषत दुरी पालना भएको | | |
| ८ | स्थानीय सडक देखि मेशिन उपकरणको प्रयोग गर्ने क्षेत्र सम्म औषत दुरी पालना भएको | | |
| ९ | थुपार्ने काम नदी तटीय क्षेत्रमा नगर्ने विषय पालना भएको | | |
| १० | दैनिक उत्खनन् अभिलेख | | |
| ११ | दैनिक विक्री ढुवानी तेरिज | | |
| १२ | प्रशोधन गर्ने व्यवस्था मिलाई प्रशोधित पानी मात्र नदीमा मिसाउने व्यवस्थालाई कडाईका साथ लागू भएको | | |
| १३ | रेखांकन सहितको नाप नक्शा राखेको | | |
| १४ | मार्गको धुलो उड्न नदिन नियमित पानी छर्कने प्रबन्ध | | |
| १५ | साईड ड्रेन र हिलो थिग्रने पोखरी (सेटिङ पोण्ड) को व्यवस्था गरेको | | |
| १६ | उत्खनन् स्थलमा काम गर्ने कामदारका लागि अस्थायी शौचालयको प्रबन्ध गरेको | | |
| १७ | उत्खनन् गरिने परिमाण, चौकिल्ला, उत्खनन् विधि राखेको | | |
| १८ | गुनासो सुन्ने अधिकारीको नाम र सम्पर्क नं र सूचना पाटी | | |
| १९ | क्रसर उद्योगले पालना गर्नु पर्ने दुरी सम्बन्धी मापदण्डको पालना | | |
| २० | शून्य मौज्दात सम्बन्धी व्यवस्थाको पालना | | |
| २१ | ढुवानी र ओसारपसार सम्बन्धी मापदण्डको पालना | | |
| २२ | तोकिएको बजार मूल्यको पालना | | |
| २३ | अन्य कुनै विषयहरु | | |

**अनुसूची-६**
**(दफा १७ सँग सम्बन्धित)**
**उत्खनन् स्थलमा राख्नु पर्ने सूचना पाटीको नमूना**

साधारण निर्माणमुखी नदीजन्य तथा खानीजन्य पदार्थ उत्खनन्, संकलन र ढुवानी गर्ने कार्यको लागि वातावरणीय अध्ययन प्रतिवेदन कार्यान्वयनको सन्दर्भमा उत्खनन् तथा संकलन स्थलमा सार्वजनिक जानकारीका लागि राखिने सूचना पाटी

(क) उत्खनन्, संकलन गरिने स्थलः

(ख) उत्खनन्, संकलनको विवरण

१. नदी वा खानीको नामः

२. ठाउँको नाम

३. उत्खनन गरिने परिमाण घनफिट मा :

४. उत्खनन् कार्यमा प्रयोग हुने साधन :

५. उत्खनन् गर्ने कार्य गर्न अधिकार प्राप्त ठेकेदार फर्मको नाम र ठेगाना :

६. उत्खनन् गर्ने अवधि : मिति २०...../....../....... गते बाट २०...../.../.... भित्र ।

(कुनै गुनासो वा थप जानकारीको लागि ito.mudkechulamun@gmail.com गाउँपालिकामा सम्पर्क गर्ने)

आज्ञाले,
तिर्थराज महतारा
नि.प्रमुख प्रशासकीय अधिकृत